## बडीमालिका नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ६ संख्या ८ मिति २०७९ माघ ९,सोमवार

भाग:२

# नगरस्तरीय खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि,२०७९

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ।

आज्ञाले,
रंगमल वि क
प्रमुख प्रशासकीय अधिकृत

नगर स्तरीय खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि २०७९

# नगरस्तरीय खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि,२०७९

**प्रस्तावना :**

युवा तथा खेलकुदको विकास देश विकासको महत्वपूर्ण आधार हो भन्ने तथ्यलाई आत्मसात् गर्दै खेलकुदको माध्यमवाट दक्ष जनशक्ति उत्पादनगर्नका लागि "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने नाराका साथ नगर क्षेत्रको युवा विकासलाई संस्थागत गरी सदाचार, शिष्टाचार र नैतिकता, राष्ट्रिय एकतामा आवद्ध गर्दै खेलकुद प्रणालीलाई व्यवस्थित र प्रभावकारी तवरले सञ्चालन गर्न वाञ्छनीय भएकोले आधारित गुणस्तरयुक्त खेलकुद शिक्षाको विकास र प्रबर्द्धन गर्न बाञ्छनीय भएकोलेस्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ४ (क) र दफा १०२ (२) बमोजिम बडीमालिका नगर कार्यपालीकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक :

**१.संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम"खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि २०७९" रहेको छ ।

ख) यो कार्यविधिनगर कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**ग) समितिको छाप :**नगरस्तरीय खेलकुद विकास समितिको नाममा एउटा छुट्टै छाप रहनेछ ।

## परिच्छेद-२
## परिभाषा

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले वडीमालिका नगरपालिकालाई जनाउँछ ।

(ख) "कार्यविधि" भन्नाले वडीमालिका नगरपालिका"नगर खेलकुद विकास समिति कार्यविधि २०७९" सम्झनु पर्छ

(ग) "नगर खेलकुद विकास समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको खेलकूद विकास समिति सम्झनु पर्छ र यसलाई छोटकरीमा "खेलकुद समिति" भनिनेछ ।

(घ) "संयोजक" भन्नाले नगर खेलकुद विकास समितिको संयोजकलाई सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले नगर खेलकुद विकास समितिका सदस्य सम्झनु पर्छ ।

(च) "सदस्य-सचिव" भन्नाले नगर खेलकूद विकास समितिको सदस्य-सचिव सम्झनु पर्छ ।

(छ) "प्रमुख" भन्नाले वडीमालिका नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ज) "उप-प्रमुख" भन्नाले वडीमालिका नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वडीमालिका नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ञ) "खेलकुद सम्बन्धी संस्था" भन्नाले दफा १२ र १३ बमोजिम दर्ता भएका संस्था सम्झनुपर्छ ।

(ट) "स्थानीय सरकार" भन्नाले वडीमालिका नगरपालिकालाई सम्झनु पर्दछ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ड) "खेलकूद " भन्नाले वडीमालिका नगरपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ ।

(ढ) "खेलाडी" भन्नाले टिम, क्लव, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनु पर्नेछ ।

(ण) "प्रशिक्षक" भन्नाले बडीमालिका नगरपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव, संघ, संस्थामा खेल प्रशिक्षण समितिमा सम्बद्ध बिषयगत खेलकुद प्रशिक्षक सम्झनु पर्छ ।

(त) "प्रशिक्षार्थी" भन्नाले वडीमालिका नगरपालिकाद्वारा सञ्चालित खेलकूद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लव, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्छ ।

(थ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनु पर्दछ ।

नगरस्तरीय खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि २०७९

## परिच्छेद-३
## कार्यविधिको उद्देश्य कार्य सञ्चालनगर्ने क्षेत्र

**३. उद्देश्य**

क) स्थानीयस्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण, सञ्चालनतथाविकास गर्ने,

ख) स्थानीयस्तरको खेलकुद प्रशासन तथा संघ संस्थाको नियमन र समन्वयगर्ने,

ग) खेलकुदको विकास र प्रबर्द्धन गर्ने,

घ) नगरपालिकाको कार्य जिममेवारीमा रहेका नगर जिल्ला तथा अन्य विभिन्न राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना र सहभागिता गर्ने गराउने,

**४. कार्यक्षेत्र:**

(१) नगरस्तरीय खेलकुद विकास, व्यवस्थापन तथा सञ्चालनको कार्यक्षेत्र वडीमालिका नगरपालीका हुनेछ । तर नगरपालिका वडीमालिका सदरमुकाममा रहेकोले अवस्था र आवश्यकता अनुसार छिमेकी नगर तथा गाउँपालिकाहरुमा समेत समन्वयात्मक रूपमा खेलकुद कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(२) खेलकुद विकास, व्यवस्थापन तथा संयोजन र सञ्चालनको प्रकृति देहाय बमोजिम हुनेछ :-

क) वडास्तरीय खेलकुद कार्यक्रम

ख) नगरस्तरीय खेलकुद कार्यक्रम

ग) मेयरकप प्रतियोगिता कार्यक्रम

घ) जिल्ला तथा प्रदेशस्तरीय खेलकुद कार्यक्रम

ङ) राष्ट्रियस्तरका खेलकुद कार्यक्रम कार्यक्रम

च) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

छ) नगरपालिकाले सञ्चालन गर्नुपर्ने खेलकुदसंग सम्बन्धित अन्य विभिन्न कार्यक्रमहरू

**५.लागत साझेदारी :**खेलकुद सम्बन्धी कार्यक्रमहरूको आयोजना व्यवस्थापन तथा सञ्चालन गर्दा लागत साझेदारीका आधारमा समेत सञ्चालनगर्न सकिनेछ ।

## परिच्छेद-४
## नगर खेलकुद विकास समितिको गठन, काम,कर्त्तव्य र अधिकार

**६. समितिको गठन:** वडीमालिका नगरपालिकामा खेलकुदको विकास, व्यवस्थापन र सञ्चालनगर्नका लागि देहायमा लेखिए बमोजिमको प्रक्रियाबाट नगर प्रमुखको प्रमुख संरक्षकत्वमा ११ सदस्यीय एक नगर खेलकुद विकास समितिको गठन हुनेछ :-

(क) वडीमालिका नगरपालिकाको प्रमुखले तोकेको व्यक्ति - संयोजक

(ख) विभिन्न विधाका खेलकुदका विज्ञहरु मध्येबाट कार्यपालिकाबाट मनोनित ३ जना - सदस्य

(ग) नगर, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिभा आजर्न गरेका खेलाडी वा पूर्व खेलाडीबाट वडीमालिका नगरपालिका कार्यपालिकाबाट मनोनीत कम्तीमा एकजना महिला सहित बढीमा २ जना -सदस्य

(घ) नगर खेलकुद कार्यालय रहने वडाका वडाध्यक्ष -सदस्य

(ङ) नगर स्तरका खेलकुद सम्बन्धी संस्था तथा क्लवहरुबाट सिफारिश भई आएका व्यक्तिहरु मध्येबाट संयोजकले मनोनित गरेका कम्तीमा १ जना महिला सहित ३ जना -सदस्य

(च) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापक मध्ये प्रमुखद्वारा मनोनित २ जना -सदस्य

(छ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख १ जना- सदस्य सचिव

(७) समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकुदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रूपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) नगर खेलकूद समिति अर्न्तगत आवश्यकता अनुसार प्रत्येक वडामा वडा खेलकुद समिति गठन गर्न सकिनेछ ।

**९. समितिको काम, कर्त्तव्य र अधिकार :**

क) नगर क्षेत्रभित्रका विभिन्न विधामा खेलकुद व्यवस्थापन र सञ्चालन गर्ने,

नगर स्तरीय खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि २०७९

ख) खेलकुद सम्बन्धी नीति, योजना, वार्षिक कार्यक्रम, प्रगतिविवरण, बार्षिक बजेट तर्जुमा गरी स्विकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने गराउने,

ग) खेलकुदको विकास र प्रबर्द्धनका लागि सरोकारवाला निकाय, संघ संस्था, व्यक्तिहरुसँग आवश्यक समन्वय गर्ने,

घ) स्थानीयस्तरमा आर्थिक स्रोत जुटाउन आवश्यक पहलगर्ने,

ङ) प्रचलित कानून वमोजिम समितिको लेखापरीक्षण गराउने । लेखा परीक्षणको वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेशगर्ने ।

च) समितिको अर्ध वार्षिक र बार्षिक प्रगति प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्ने ।

छ) समितिका सदस्यहरु सामुहिक रूपमा वडीमालिका नगरपालिकाप्रति उत्तरदायी रहनेछन ।

ज) स्थानीय स्तरका खेलकुदको लागि भौतिक संचरनाको पूर्वाधार निर्माण, योजना निर्माण, सञ्चालन तथा विकास गर्ने,

झ) खेलकुदको स्तरमा वृद्धि गर्न नगर, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न विधाका खेलकुदको प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने, गराउने,

ञ) स्थानीय स्तरका खेलकुद प्रशासन, शैक्षिक संस्था, क्लव, संघ, संस्था, प्रशिक्षण संस्थाको नियमन र समन्वय गर्ने र आवश्यक निर्देशन दिने,

ट) खेलकुद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

ठ) नगर भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

ड) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रूपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरुको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकूदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ण) वडा स्तर र विद्यालय स्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने गराउने तथा वडामा खेलकुद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,

त) खेलकुद विकाससंग सम्बन्धित अन्य विभिन्न कार्यहरु गर्ने, गराउने,

१०. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :

(क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र संयोजकको आदेशानुसार बैठकको लागि आवश्यक बिषय सूची र सामग्री जुटाउने ।

(ख) बैठकको माइन्यूट उठाउने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने ।

(ग) समितिको सचिवालयको व्यवस्थापन कार्य गर्ने ।

११.समितिका सदस्यहरुको पदावधि : (१) मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरूको पुन: मनोनयन हुन सक्नेछ । तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हनु आएमा बाँकी पदावधिको लागि दफा ४ को प्रक्रिया बमोजिम पद पूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालना गरेको छैन भन्ने लागेमा समितिको सिफारीसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

१२. सदस्यको अयोग्यता : देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) समितिमा कार्यरत वैतनिक कर्मचारी,

(ग) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(ङ) मगज विग्रेको ।

(च) पदेन सदस्य बाहेक अन्य सदस्य २१ (एक्काइस) वर्ष उमेर पूरा नभएको ।

१३. सदस्यता समाप्त हुने अवस्था : देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः-

(क) दफा ९ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा

**१४. समितिको बैठक सम्बन्धी कार्यप्रणाली :**

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख) समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

घ) बैठकको अध्यक्षता समितिको अध्यक्ष र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थित भएको अवस्थामा उपस्थित सदस्य मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

ङ) कम्तिमा ५१ प्रतिशत सदस्यउपस्थितभएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ ।

च) समितिको बैठकमा बहुमतको निर्णय मान्यहुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षतागर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

छ) समितिको बैठकको निर्णय छुट्टै निर्णय पुस्तिका (माईन्युट बुक) माअभिलेख गरिनेछ र अध्यक्षतागर्ने व्यक्तिबाट प्रमाणित गरिनेछ ।

**१५. वडा स्तरीय समितिको गठन :**

वडीमालिका नगरपालिकाका सवै वडाहरूमा खेलकुदको विकास, व्यवस्थापन र सञ्चालन गर्नका लागि देहायबमोजिमको प्रक्रियाबाट वडाध्यक्षको प्रमुख संरक्षकत्वमा ९ सदस्यीय एक वडास्तरीय खेलकुद विकास समितिको गठन हुनेछ :-

क) वडाध्यक्ष वा निजले तोकेको खेलकुद सँग सम्बन्धित वडावासी लब्ध प्रतिष्ठित व्यक्तिहरू मध्येवाट अध्यक्ष -१

ख) वडा क्षेत्रभित्रका खेलकुद सँग संबन्धित वडावासी नागरिकहरु मध्येबाट वडा समितिले मनोनित गरेका सदस्य-२

ग) खेलकुदको क्षेत्रमा विशिष्ठ योगदान पुर्‍याएका खेलकुदसँग सम्बन्धित संघ संस्थामा रही काम गरेका वडावासीहरु मध्येबाटभेलाले छनौट गरेका सदस्य- ५

ङ) वडा सचिव -सदस्य सचिव,

च) अध्यक्ष सहित कुल ११ जना सदस्यहरुले आफु मध्येबाट आवश्यकता अनुसारका उपाध्यक्ष, (महिला) र कोषाध्यक्षको निर्वाचन गर्ने छन ।

छ) समितिमा नगरपालिका संग सम्बन्धित कुनैपनि कर्मचारीहरू छनौट गर्न पाईनेछैन ।

**१६. वडा समितिको काम,कर्त्तव्य र अधिकार :**

क) वडा क्षेत्रस्तरमा विभिन्न विधामा खेलकुद कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्ने ।

ख) खेलकुद सम्बन्धी नीति, योजना, बार्षिक कार्यक्रम, प्रगति विवरण, बार्षिक बजेट तर्जुमा गरी स्वीकृतिका लागि वडा कार्यालयमा पेश गर्ने ।

ग) खेलकुदको विकास र प्रबर्द्धनका लागि सरोकारवाला निकाय, संघसंस्था, व्यक्तिहरूसँग आवश्यक समन्वय गर्ने,

घ) स्थानीयस्तरमा आर्थिक श्रोत जुटाउन आवश्यक पहल गर्ने,

ङ) वडा स्तरीय खेलकुद कार्यक्रमहरु सञ्चालन गर्ने गराउने,

**१७.वडा स्तरीय समितिको बैठक संबन्धी कार्यप्रणाली :**

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख) समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

ग) बैठकको अध्यक्षता समितिको अध्यक्ष र निजको अनुपस्थितिमा समितिले आफु मध्येबाट तोकेको सदस्यले गर्नेछ ।

घ) कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

ङ) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

नगर स्तरीय खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि २०७९

च) समितिको बैठकको निर्णय छुट्टै निर्णय पुस्तिका (माईन्युट बुक) मा अभिलेख गरिनेछ र अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गरिनेछ ।

नोटः फारम शुल्क रु. १०।-, दर्ता शुल्क रु २५०।- सम्वन्धित वडा अध्यक्षको सिफारीस सहित निवेदन गर्न आएमा खेलकुद समितिले दर्ता गर्ने निर्णय गरेपश्चात नगरपालिकाको युवा तथा खेलकुद शाखामा दर्ता गरी अभिलेख राख्नु पर्नेछ । दर्ता गरिएको टिम, क्लव, समिति र संघ संस्थाले वार्षिक रूपमा रु. २५०।- नवीकरण शुल्क सहित निवेदन गरी नवीकरण गर्नु पर्ने छ ।

## परिच्छेद-५

## नगर क्षेत्र भित्रका टिम, क्लव र संघ संस्थाहरुको दर्ता र व्यवस्थापन

१७.बडीमालिका नगरपालिका भित्रका टिम, क्लव, समिति र संस्था आदिले नगर खेलकुद विकास समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा

१८.दर्ता भएका टिम, क्लव, संघ संस्थाले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडि नगर खेलकुद विकास समितिबाट स्वीकृति लिनु पर्नेछ ।

१९.दर्ता र नवीकरण गर्नु भन्दा पहिले नगर खेलकुद विकास समिति वा समितिले तोकेको प्रतिनिधिद्वारा सम्वन्धित ठाउँको निरीक्षण गर्नुपर्नेछ ।

२०.नगर खेलकुद विकास समितिमा दर्ता भएका टिम, क्लव, संघ संस्थाहरुले नगर खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई नगर खेलकुद विकास समितिको सिफारीसमा नगरपालिकाबाट निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

(क) वडा व्यापी प्रतियोगिता लागि ( वर्षमा १ पटक ) बढीमा रु. ५०००।- देखि १०,०००।-सम्म,

(ख) नगर व्यापी प्रतियोगिताका लागि ( वर्षमा १ पटक ) बढीमा रु. १०,०००।- देखि २०,०००।- सम्म,

(ग) जिल्ला व्यापी प्रतियोगिताका लागि ( वर्षमा १ पटक ) बढीमा रु. १५,०००।- देखि ३०,०००।-सम्म,

(घ) प्रोदेशिक वा राष्ट्रिय स्तरको प्रतियोगिताका लागि ( वर्षमा १ पटक ) बढीमा रु. २०,०००।- देखि ५०,०००।- सम्म,

(ङ) नगरको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पुर्याउने प्रतियोगिताहरुको सम्वन्धमा उपयुक्त ढंगबाट सहयोग पुर्याउने नगरपालिका समक्ष सिफारिस गरी सक्दो आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

२१. नगर खेलकुद विकास समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद समिति गठन गरिनेछ । नगर खेलकुद विकास समितिले टिम दर्ता निवेदन फारम, नवीकरण फारम, प्रशिक्षक/प्रशिक्षर्थि फारम, परिचय पत्र, दर्ता प्रमाण पत्र आदिको ढाँचा निर्धारण गरी लागु गर्नेछ ।

## परिच्छेद-६

## विविध

**२२.बिशेष व्यवस्था:** यस कार्यविधिमा जुनसुकै व्यवस्था भएपनि जुनसुकै तहवा स्तरबाट खेलाडीहरुको छनौट गर्दा, रेफ्रीहरुको छनौट गर्दा वा योग्यता निर्धारण गर्दा र खेलहरूको नियमहरू बनाउँदा खेलकुद विकास ऐन र खेलकुद विकास नियम बमोजिमको व्यवस्था अवलम्वन गरिनेछ ।

**२३.समन्वयको व्यवस्थाः** खेलकुदको विकास र प्रबर्द्धनका लागि नगरस्तरीय खेलकुद विकास समितिले सरोकारवाला निकाय, संघ संस्थाहरूसँग आवश्यक समन्वय गर्नेछ ।

**२६.कार्यविधिमा संशोधन र हेरफेर :** नगर कार्यपालिकाले आवश्यक ठानेका वखत समय सापेक्ष यस कार्यविधिमा आवश्यक संशोधन र हेरफेर गर्न सकिनेछ ।

**२७. प्रतिवेदन** : समितिको वार्षिक प्रगति प्रतिवेदन अध्यक्षले कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**२८.बाधा अडकाउ फुकाउने अधिकार** : यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा ब्याख्या गर्ने अधिकार वडीमालिका नगरपालिकालाई हुनेछ ।

**२९. संशोधन :** यस निर्देशिकामा आवश्यकता अनुसार नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

नगर स्तरीय खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि २०७९

## अनुसूची-१
## (दफा १३ को उपदफा १ सँग सम्बन्धित)

मिति :..................................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
वडीमालिका नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, मार्तडी बाजुरा ।

विषय : संस्था दर्ता सम्बन्धमा ।

म/हामीले तपसिलमा लेखिएको विवरण अनुसारको खलेकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरूको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखि विधान स्वीकृति र संस्था दर्ताका लागि आवेदन गरेको छु/ छौं । नियमानुसार संस्था दर्ता गरिदिनु हनु अनुरोध गरिन्छ ।

संस्थाको कार्यालय रहने स्थान : बडिमालिका नगरपालिका वार्ड नं..........,
टोलको नाम....................

| | |
|---|---|
| सचिव : | अध्यक्ष : |
| नाम : | नाम : |
| मिति : | मिति : |

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :

क) संस्थाको विधानको मस्यौदा ।
ख) आवेदक र समितिका पदाधिकारीहरूको नेपाली नागरिकताको प्रतिलिपि
ग) संस्थाको छापको नमुना ।

नगर स्तरीय खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि

**अनुसूची-२**
**(दफा १४ को उपदफा १ सँग सम्बन्धित)**

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
मार्तडी,बाजुरा

मितिः...........................

संस्था दर्ता प्रमाण पत्र

संस्थाको नाम :........................................... ठेगाना :............................................
दर्ता हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या :
दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नाम :

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ । बडीमालिका नगर खेलकुद विकास समिति कार्यविधि र विधानको अधीनमा रही खेलकूद सम्बन्धी गतिविधिहरू सञ्चालन गर्न अनुमति दिईएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

वडीमालिका नगरपालिका

संस्था नवीकरणको विवरण

| क्र.सं. | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही र न.पा.को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

नगर स्तरीय खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि २०७९

अनुसूची-३

(दफा १४ को उपदफा २ सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
वडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय मार्तडी, बाजुरा ।

विषयः संस्था सुचिकृत गरिदिनु हुन ।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । नगर कार्यपालिकाको नियमानुसार संस्था सूचीकृत गर्नुपर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौं ।

संलग्न कागजातहरु

क) दर्ता प्रमाण पत्र ।
ख) चालु वर्षको लेखा परीक्षण प्रतिवेदन ।
ग) कर चुक्ता प्रमाण पत्र ।
घ) कार्य समितिको निर्णय

| | |
|---|---|
| ........................ | ........................... |
| हस्ताक्षर | हस्ताक्षर |
| सचिव | अध्यक्ष |

नगर स्तरीय खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि २०७९

## अनुसूची-४
(दफा १४ को उपदफा ३ सँग सम्बन्धित)

वडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय बाजुरा मार्तडी ।

संस्था सूचीकृत प्रमाण पत्र ।

संस्थाको नाम :..............................................
ठेगाना :.........................................................
दर्ता हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या :
दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नाम :

माथि उल्लिखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ । बडिमालिका नगरपालिका खेलकूद विकास समिति कार्यविधि र विधानको अधीनमा रही खेलकुद सम्बन्धी गतिविधिहरू सञ्चालन गर्न अनुमति दिईएको छ ।

| क्र.सं. | संस्थाको नाम : | नवीकरण भएको मिति : | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही र न.पा.को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

नगर स्तरीय खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि २०७९

अनुसूची-५
(दफा १४ को उपदफा ४ सँग सम्बन्धित)

मिति :..............................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
वडीमालिका नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, मार्तडी, बाजुरा ।

विषय : संस्था नवीकरण गरी पाउँ ।

........................................................................................................ नामक संस्था यस नगरपालिकामा दर्ता/सूचीकृत भई खेलकूद सम्बन्धी गतिविधिहरु सञ्चालन गरिरहेको हुँदा तपशिल बमोजिमका कागज पत्र सलंग्न राखी नवीकरण गरिपाउँ भनि निवेदन गर्न आएको छु/छौं । अतः आर्थिक बर्ष ................ को संस्था नवीकरण गरी पाउँ ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

क) आर्थिक वर्ष ..................को लेखापरीक्षण प्रतिवेदन,

ख) संस्थाको वार्षिक गतिविधि, ग) भावि योजना र बजेट ।

निबेदक

नगर स्तरीय खेलकुद विकास तथा व्यवस्थापन कार्यविधि २०७९